शैलजा आचार्य

# विद्रोही नेतृ



जन्म : वि. सं. २००१

०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रको हत्या नगरेको भए सायद नेपाली समाज आजको अविकसित अवस्थामा सीमित रहने थिएन। भर्खर बामे सर्दै गरेको नेपाली प्रजातन्त्र राजा महेन्द्रको 'कु' का कारण समाप्त मात्र भएन, त्यसले नेपाली समाजलाई दशकौँ पछाडि धकेल्यो। प्रजातन्त्र पुनःस्थापनाका लागि नेपाली जनताले ०१७ सालपछि लगातार तीस वर्ष सङ्घर्ष गर्नुपऱ्यो। दलविहीन पञ्चायतीराजका कारण सयौँ नेपाली सपुतहरूले आफ्नो प्राण आहुति गर्नुपऱ्यो भने हजारौँले जेल, नेल र यातना भोग्नुपऱ्यो। निर्वाचित सरकार बर्खास्त गर्ने राजा महेन्द्रको स्वेच्छाचारी कदमका विरुद्ध साहसी नागरिकहरूले आवाज नउठाएको भए पञ्चायती व्यवस्था अझै धेरै समय टिक्ने निश्चित थियो। राजा महेन्द्रको उपस्थितिमै कालो झन्डा देखाएर उनको कदमको विरोध गर्ने क्रान्तिकारी महिलामध्ये एक हुनुहुन्थ्यो- सुश्री शैलजा आचार्य। उहाँले ०१७ सालमा प्रजातन्त्रको हत्या गरेपछि मनाउन थालिएको कथित प्रजातन्त्र दिवसको समारोहमा राजा महेन्द्रलाई कालो झन्डा देखाएर आफ्नो सचेत र योजनाबद्ध राजनीतिक यात्रा सुरु गर्नुभएको थियो।

राजा महेन्द्रले ०१७ सालमा निर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको सरकार बर्खास्त गर्दा १६ वर्षीय युवती शैलजाको मस्तिष्कमा राजनीतिक चेतना त्यति पसिसकेको थिएन। प्रधानमन्त्री भएका आफ्ना मामा बीपीका साथ प्रधानमन्त्री निवासमा बसिरहनुभएकी शैलजालाई त्यसपछि मात्र थाहा भयो, राजाको निरङ्कुशता कस्तो हुँदोरहेछ। थापाथलीमा आयोजित नेपाल तरुण दलको अधिवेशन उद्घाटन गर्न गएका प्रधानमन्त्री कोइरालालाई सेनाले पक्राउ गरेर लिएको जब शैलजाले आफ्नै आँखाले देख्नुभयो, तब उहाँको शरीरमा विद्रोही रगत उम्लिन थाल्यो। "राणाहरूले उहाँलाई मारिदिन्छन् होला भन्ने लागेको थियो"- त्यतिबेलाको स्थिति सम्झँदै उहाँ भन्नुहुन्छ- "तर, बेलुकी रेडियोबाट राजाको सम्बोधन आएपछि थाहा भयो, उहाँलाई राजाले गिरफ्तार गरेका रहेछन्।"

त्यसपछि देशभित्रका युवाहरूमा नयाँ चेतना र विद्रोहको स्वर

बुलन्द हुन थाल्यो । राणा शासन फालेर ल्याएको प्रजातन्त्रलाई फेरि राजाले दरबारभित्र कैद गरेपछि त्यसका विरुद्ध लड्नुबाहेक नेपाली जनतासँग कुनै विकल्प बाँकी रहेन। ०१७ फागुन ७ गते शैलजाको जीवनमा बिलकुल नयाँ र आश्चर्यजनक घटना भयो । सरकारले सैनिक मञ्चमा आयोजना गरेको कथित प्रजातन्त्र दिवसमा शैलजाको नेतृत्वमा कालो झन्डा देखाउने कार्यक्रम तय भयो। कडा खानतलासी र सम्भावित अवरोधबाट सुरक्षित हुन शैलजाहरूले कालो सल ओढ्ने जुक्ति निकाल्नुभयो। जति बेला महेन्द्रलाई केन्द्रविन्दु बनाएर हेलिकोप्टरबाट पुष्पवृष्टि हुँदै थियो, त्यतिबेला शैलजाहरूले सलभित्रबाट कालो झन्डा निकाल्नुभयो र उनलाई नेपाली जनताको आवाज सुनाउनुभयो-

*"हामीलाई - प्रजातन्त्र चाहियो*

*पार्टी प्रतिबन्ध - फुकुवा गर*

*हाम्रा नेता - छोडिदे*

*संसद् भङ्ग - नगर*

*तानाशाह - मुर्दावाद*

*बीपीलाई - जेलमुक्त गर*

*प्रजातन्त्र - जिन्दावाद*

*बीपी - जिन्दावाद !"*

राजा महेन्द्रकै कानमा पुग्ने गरी यस्ता नारा लगाउँदै शैलजा आचार्य, विजया शर्मा, सरोज प्रधान र उमाजस्ता युवा महिलाहरूले उनलाई कालो झन्डा देखाउनु चानचने कुरा थिएन। उहाँहरूलाई तत्कालै सरकारले गिरफ्तार गर्‍यो। मञ्चमा बसेका राजा महेन्द्र, डा. तुलसी गिरी र विश्वबन्धु थापाहरूले हेर्दाहेर्दै यी युवतीहरूलाई गिरफ्तार गरियो। शैलजा तीन वर्षभन्दा बढी समय राजा महेन्द्रको शासनमा जेल पर्नुभयो। त्यही घटनाले शैलजालाई राजनीतिमा कहिल्यै छोड्न नसक्ने गरी तानेको हो। उहाँको आफ्नै भनाइ छ- "त्यो दिन सम्झँदा अहिले

पनि रमाइलो लाग्छ। त्यस घटनाले मेरो जीवनको दिशानिर्धारण गरिदियो। मेरो एकेडेमिक क्यारियर थियो, डान्स पनि सिक्दै थिएँ। राजनीतिमा आउँला भन्ने मेरो मनमै थिएन। त्यस घटनाले मेरो जीवनमा निर्णायक मोड ल्याइदियो।"

जेल पर्नुअगाडि शैलजाले राजनीतिक गतिविधिमा आफूलाई सक्रिय गराउन थालिसक्नुभएको थियो। पर्चा लेख्ने, तिनलाई विभिन्न ठाउँमा पुऱ्याउने र बाँड्नका लागि प्रेरित गर्ने काममा उहाँले साथीहरूको नेतृत्व गर्न थालिसक्नुभएको थियो। त्यसैले जेलमा बस्दा पनि शैलजालाई धेरै असजिलो महसुस भएन। तर, भर्खरकी युवतीले जेलमा बिताउनुपरेका कष्टदायी दिनहरू पक्कै पनि सुखद थिएनन्। अन्ततः त्यही जेल बसाइले नै शैलजालाई राजनीतिक रूपमा अझ दृढ, प्रतिबद्ध र समर्पित बनायो।

जेलबाट निस्केपछि शैलजा भारत प्रवासमा जानुभयो। काङ्ग्रेसका अरू नेताहरूले झैँ उहाँले पनि प्रवासमा राजनीतिक कामहरू जारी राख्नुभयो। सशस्त्र क्रान्ति गर्ने काङ्ग्रेसको त्यतिबेलाको घोषित नीतिअनुसार शैलजाले हातहतियार जुटाउने कामको नेतृत्व पनि गर्नुभयो। भारत प्रवासमा बीपी कोइरालाको नजिक रहेर उहाँकै निर्देशनमा शैलजाले काङ्ग्रेस राजनीतिलाई नजिकबाट नियाल्ने मौका मात्र पाउनुभएन, कतिपय सन्दर्भमा नेतृत्व गर्ने अवसर पनि पाउनुभयो।

शैलजा आचार्य राजकीय स्थान र हैसियतका आधारमा सबैभन्दा उच्च स्थान प्राप्त गर्ने महिला हुनुहुन्छ। उहाँको समग्र राजनीतिक जीवन, त्याग, सङ्घर्ष र इतिहासको फलस्वरूप उहाँ नेपालको पहिलो उपप्रधानमन्त्री बन्न सफल हुनुभएको छ। ०४८ सालको आमनिर्वाचनबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि शैलजा मन्त्री बन्नुभएको थियो। आफ्नै हठी स्वभावकी शैलजाले सरकारी संयन्त्रमा पकड जमाएका माफियाहरूको पर्दाफास गरेबापत मन्त्री पद गुमाउनुपऱ्यो। उहाँले मन्त्रालयभित्र हुने भ्रष्टाचारको फेहरिस्त सार्वजनिक गरेपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले त्यसको खण्डन

गर्न दिएको आदेश पालना गर्नुभएन, बरु मन्त्री पदबाट राजीनामा दिनुभयो। त्यो स्तरको नैतिकता र त्याग कति नेपाली राजनीतिज्ञहरूमा होला र ? पछि शैलजा झन्डै एक वर्ष मुलुकको उपप्रधानमन्त्री बन्नुभयो। आफूलाई लागेको कुरा कसैको डर र धक नमानी राख्नसक्ने शैलजाको खुबी नेपाली राजनीतिमा प्रशंसायोग्य नै छ। उहाँका कतिपय समकालीनहरूले उहाँमाथि अव्यावहारिक र एकलकाँटेको आरोप लगाए पनि शैलजा आफू त्यस्तो नभएको दाबी गर्नुहुन्छ।

शैलजामा त्याग र समर्पणको भावना अत्यन्तै उच्च थियो, जसका कारण ३० वर्षे पञ्चायती व्यवस्थाका विरुद्ध अविचलित रूपले लड्न उहाँले सक्नुभयो। ०३३ मा बीपी कोइराला 'राष्ट्रिय मेलमिलाप' को नीति लिएर नेपाल फर्किंदा शैलजा पनि सँगै आउनुभएको थियो। पञ्चायती शासकहरूले गिरफ्तार गरेर धेरै दुःख दिए भने आत्महत्या गर्ने विचारले बीपीले साइनाइड बोकेर ल्याउनुभएको थियो। क्रान्तिकारी जोशकी शैलजाले बीपीसँग साइनाइड माग्नुभयो। तर, परिपक्व बीपीले दिनुभएन।

राजनीतिमा लागेबापत शैलजाले पञ्चायती व्यवस्थामा जेल, नेल र दुःख झेल्नु स्वाभाविकै थियो। राजा महेन्द्रलाई कालो झन्डा देखाएका कारण ०१७ पुस १ गते पक्राउ पर्नुभएकी शैलजा तीन वर्षभन्दा बढी जेलमा बस्नुभयो। राष्ट्रिय मेलमिलापको नीति बोकेर बीपीसँगै नेपाल आएपछि ०३३ सालमा उहाँ पुनः गिरफ्तारीमा हुनुभयो र एक वर्षको काराबासपछि रिहा हुनुभयो। नेपाली काङ्ग्रेसले चलाएको सत्याग्रहका बेला ०४२ सालमा शैलजा पुनः गिरफ्तार हुनुभयो। त्यतिबेला उहाँ नौ महिना जेलमा बसेर रिहा हुनुभयो। जेल, नेल र हत्कडीले शैलजाको राजनीतिमा अवरोध ल्याएन, बरु अझ समर्पित, दृढ र कर्तव्यनिष्ट बनायो। त्यही कारण शैलजा आजको अवस्थासम्म आइपुग्नुभएको छ।

शैलजालाई कतिपयले समयअनुसार चल्न नसक्ने नेतृका रूपमा पनि आलोचना गर्ने गरेका छन्। यस आलोचनालाई उहाँ स्वयम् पनि घुमाउरो रूपमा स्वीकार गर्नुहुन्छ। "वास्तवमा म अराजनीतिक मान्छे हुँ,

प्रजातन्त्र स्थापना भएपछि बाध्य भएर राजनीतिक गतिविधिमा पुनः लाग्नुपर्‍यो । नत्र म राजनीति गर्ने खालकी मानिस नै होइन । भनिन्छ, राजनीतिमा सम्झौता पनि अनिवार्य हुन्छ । तर, म सम्झौता गर्ने जान्दिनँ ।" यही अडानका कारण उहाँ बेलाबेलामा विवादमा पनि आउने गर्नुभएको छ । नेपाली काङ्ग्रेसको लामो समयसम्म केन्द्रीय कार्यसमिति सदस्य रहनुभएकी शैलजाले सो पार्टीको उपसभापतिको जिम्मेवारी पनि पूरा गरिसक्नुभएको छ । ०६२ भदौमा सम्पन्न नेपाली काङ्ग्रेसको एघारौँ महाधिवेशनबाट पुनः केन्द्रीय सदस्य निर्वाचित शैलजाले राजीनामा दिएर आफ्नो असन्तुष्टि प्रकट गर्नुभएको छ । समकालनीनभन्दा पनि कनिष्टहरूसमेत माथि पुगिसक्दा पनि शैलजा अघि बढ्न नसक्नुमा सायद उहाँको यही प्रवृत्ति जिम्मेवार छ कि !

शैलजा आचार्यको जन्म सम्वत् ००१ अर्थात् सन् १९४४ मे ८ मा विराटनगरमा पिता पिनाकीप्रसाद आचार्य र माता इन्दिरा आचार्यको कोखबाट भएको हो । राजनीतिक चेतना उच्च रहेको परिवारमा जन्मेका कारण उहाँ सानैदेखि राजनीतिसँग परिचित हुनुहुन्थ्यो । पारिवारिक माहौल नै राजनीतिक भएको र मामा बीपी, मातृका र गिरिजा राजनीतिमा सक्रिय भएका कारण शैलजा त्यसबाट अछुतो रहन सक्नुभएन । बाल्यकालदेखि शैलजामा पलाएको राजनीतिप्रतिको मोह आजपर्यन्त छुटेको छैन । अविवाहित शैलजा आफ्नो निष्ठा, आदर्श र सिद्धान्त नै प्रजातन्त्र भएको ठान्नुहुन्छ । त्यही प्रजातन्त्रका लागि आजीवन लडिरहने उहाँको दृढता छ ।

नेपाली महिला राजनीतिज्ञहरूमा शैलजा आचार्य अग्रपङ्क्तिमा पर्नुहुन्छ । नेपाली काङ्ग्रेसलाई आजको स्थानसम्ममा ल्याइपुर्‍याउन शैलजाले निकै ठूलो योगदान गर्नुभएको छ । स्वर्गीय गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालापछि शैलजा आचार्य, शेरबहादुर देउवा र रामचन्द्र पौडेललाई दोस्रो पुस्ताका नेताका रूपमा एकताका निकै प्रचार गरिन्थ्यो । काङ्ग्रेस विभाजनपछि देउवाले नयाँ पार्टी बनाएपछि काङ्ग्रेसमा शैलजा भने अलि पछि पर्नुभएको देखिएको